मिति २०७८।०३।२२ को नऔं गाउंसभाको दोश्रो बैठकमा पेश भएका प्रस्तावहरु :

१.बिनियोजन ऐन २०७८ स्वीकृत गर्ने सम्बन्धमा ।
२.नदीजन्य पदार्थको निकासी शुल्क राजस्व अमानतमा संकलन गर्ने कार्ययोजना स्वीकृत गर्ने सम्बन्धमा ।
३.कर्मचारीको करार अवधि थप गर्ने सम्बन्धमा ।
४.यस अघिका कार्यपालिका निर्णयहरु अनुमोदन सम्बन्धमा ।
५.कन्टीजेन्सी रकम सम्वन्धी कार्ययोजना स्वीकृत सम्वन्धमा ।
६.अधिकार प्रत्यायोजन सम्बन्धमा ।
७.घरभाडा सम्झौता म्याद थप ।
८.प्राबिधिक बाहेक नगर प्रहरी र तह बिहिन कर्मचारी करारमा भर्ना गर्ने सम्बन्धि कार्यबिधि निर्माणको लागी शैद्धान्तिक स्वीकृति अन्य ऐन, नियमावली, कार्यविधि , मापदण्ड, निर्देशिका मस्यौदा तयारी सम्बन्धमा ।
९.आ.ब.०७६/०७७ को अन्तिम लेखा परीक्षण प्रतिबेदन सम्बन्धमा ।
१०.तलवी प्रतिवेदन पारित सम्वन्धमा
११.चालु आ.ब.०७७/०७८ मा सम्झौता भई सम्पन्न हुन बांकी योजना तथा कार्यक्रम सम्वन्धमा ।
१२. निर्णय अनूमोदन सम्वन्धमा ।
१३.निर्णय अनूमोदन सम्वन्धमा
१४. शिक्षा नीति अनूमोदन सम्वन्धमा
१५.करार सेवामा कर्मचारी भर्ना कार्यविधिमा संसोधन सम्वन्धमा ।
१६.कृषि कार्यक्रमको निरन्तरता सम्वन्धमा ।
१७. संगठन तथा व्यवस्थापन स्वीकृत सम्वन्धमा ।
१८. कोभिड १९ का सम्बन्धमा ।
१९. नदिजन्य पदार्थ व्यवस्थापन सम्वन्धमा ।
२०. परामर्श सम्बन्धी रकम बाँडफाड ।
२१. प्रधानमन्त्री रोजगार कार्यकमका योजना सम्बन्धमा ।
२२. धन्यवाद ज्ञापन सम्वन्धमा ।

राम प्रसाद
प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष

# निर्णयहरु :

## निर्णय नं १

प्रस्ताब नं १ उपर छलफल गर्दा यस मनहरी गांउपालिकाको यस नवौ गांउसभाको मिति २०७८/०३/१० को प्रथम बैठकमा पेश भएको आर्थिक ऐन २०७८ का केही प्राबधान परिमार्जज सहीत पुन स्वीकृतिका लागी पेश भएकोमा तपशील बमोजिमको स्थानीय तहको आर्थिक ऐन २०७८ सर्वसम्मतिबाट स्वीकृत गर्ने निर्णय गरियो ।

### मनहरी गाउँपालिकाको विनियोजन ऐन

**मनहरी गाउँपालिकाको आर्थिक बर्ष २०७८/२०७९ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

सभामा पेश भएको मिति: २०७८/०३/१०,छलफल पश्चात पुन पेश मिति:२०७८/०३/२२

**प्रस्तावना:** मनहरी गाउँपालिकाको आर्थिक बर्ष २०७८/०७९ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम मनहरी गाउँपालिकाको नवौ गाउँसभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भ:** (१)यस ऐनको नाम "मनहरी गाउँपालिकाको विनियोजन ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.आर्थिक वर्ष २०७८।०७९ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार: (१)आर्थिक वर्ष २०७८।०७९ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची हरुमा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.८३६७४६००० ( अक्षेरुपी. तीरासी करोड सतसठठी लाख छयालीस हजार मात्र  मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. **विनियोजन:** (१) यस ऐन द्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७८।०७९ को निमित्त मनहरी गाउँपालिकाको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

राम प्रसाद
प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

## निर्णय नं २

प्रस्ताव नं २ उपर छलफल गर्दा नेपालको संविधानको अनुसुची ८ र ९ को स्थानिय तहको अधिकार तथा स्थानिय सरकार संचालन ऐन २०७४ वागमती प्रदेश सरकारको २०७८।०७९ को प्रदेश आर्थिक ऐन बमोजिम यस गांउपालिका क्षेत्रमा नदीजन्य पदार्थमा लाग्ने निकासी कर स्थानिय तहले व्यबस्थापन गर्ने व्यबस्था भएकोमा ठेक्का व्यबस्था गर्न समय लाग्ने भएमा ठेक्का व्यवस्थापन नहून्जेल सम्मको लागी अमानत बाट संकलन गर्ने गर्ने गरि पेश भएको कार्ययोजना २०७८ स्वीकृत गर्ने निर्णय गरियो । साथै सो कार्यमा लाग्ने व्ययभार सोही शीर्षकमा बिनियोजित रकमबाट व्यहोर्ने गरि कार्यबिधि तयार गर्ने र सोही कार्यबिधि बमोजिम राजस्व संकलनको कार्य सञ्चालन गर्ने निर्णय गरियो ।

## निर्णय नं ३

प्रस्ताव नं ३ उपर छलफल गर्दा यस गाउँपालिका कार्यालयमा आ.व २०७७।२०७८ सालमा कार्यरत करार सेवाका कर्मचारीहरुको करारनामा लाई निरन्तरता दिने निर्णय गरियो ।

## निर्णय नं ४

प्रस्ताव नं ४ उपर छलफल गर्दा आठौ गांउसभा बसेको मिति पश्चात गांउसभाबाट अनुमोदन हुनुपर्ने गरि बिभिन्न मितिमा कार्यपालिकाको बैठकबाट भएका निर्णय विभिन्न समिति उप समितिका निर्णय र कार्यालयबाट सम्पादन भएका कामहरु अनुमोदन गर्ने निर्णय गरियो ।

राम प्रसाद
प्रमुख प्रशासकीय अधिकृत

...कराज उप्रेती
...ध्यक्ष

## निर्णय नं ५

प्रस्ताव नं ५ उपर छलफल गर्दा यस गांउपालिका लागी आ.ब.०७८/०७९ भर खरीद गर्नुपर्ने योजना तथा बस्तुहरु र सेवाहरुको लागत बिवरण समेत उल्लेखित बार्षिक खरीद योजना ०७८ स्वीकृत गर्ने निर्णय गरियो । साथै तपशील बमोजीमको कन्टीन्जेन्सी रकम खर्च सम्बन्धि कार्ययोजना स्वीकृत गर्ने निर्णय गरियो ।

मनहरि गाउपालीकाको आ.व.२०७७/२०७८ को लागी सार्वजनिक खरिद ऐन २०६३ सार्वजनिक खरिद नियमावलि २०६४ सग सम्वन्धित भई तयार गरिएको कन्टेन्जेन्सी रकमको खर्च गर्ने योजना ।

| अनुमानित आयको विवरण | | | अनुमानित व्ययको विवरण | | | |
|---|---|---|---|---|---|---|
| क्र.स. | अम्दानि शिर्षक | रकम | क्र.स. | शिर्षक न | व्ययको विवरण | रकम |
| १ | कन्टेन्जेन्सी आम्दानि | ८००००००० | १ | २२२१२ | ईन्धन | २५०००० |
| | | | २ | २११३९ | अन्य भत्ता | १०५०००० |
| | | | ३ | ३११२१ | सवारी साधन मो.सा. | १०००००० |
| | | | ४ | २२३१९ | कार्यालय सन्चालन | ३००००० |
| | | | ५ | २२२९१ | मर्मत | ४००००० |
| | | | ६ | २२७११ | विविध / कन्सल्टेन्सी | २०००००० |
| | | | ७ | २११३९ | प्राविधिक भत्ता | ५००००० |
| | | | ८ | ३१११५ | फर्निचर खरिद | २००००० |
| | | | ९ | २२४११ | परार्मस सेवा खरिद | २००००० |
| | | | १० | २२३१५ | सुचना तथा सन्देश प्रकाशन | १०००००० |
| | | | ११ | २१११२ | सन्चार | ५०००० |
| | जम्मा | ८०००००० | | | जम्मा | ८०००००० |

## निर्णय नं ६

प्रस्ताव नं ६ उपर छलफल गर्दा गांउसभा नबसेको समयमा गांउसभाले निर्णय गर्नुपर्ने भनि तोकिएको निम्न विषयहरु गांउकार्यपालिका/ गांउपालिका अध्यक्ष/ प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी अनुकुल अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

राम प्रसा... प्रमुख प्रशासकीय अधिकृत

...कराज उप्रेती अध्यक्ष

क) चालु सभाबाट विभिन्न कार्यान्वयन स्थल र कार्यान्वयन विधि नतोकिएका कार्यक्रमहरु कार्यान्वयन स्थल र कार्यान्वयन विधि तयार गरि सञ्चालन गर्ने विषय ।

ख) कर्मचारीको प्रोत्साहन भत्ता तथा अन्य सेवा सुविधाको विषयमा मापदण्ड बनाएर कार्यान्वयन गर्न सक्ने ।

ग) बार्षिक खरीद योजना तयार गरि स्वीकृत गर्ने । र स्वीकृत खरिद योजना अनूसार खरिद प्रकृया अग

घ) मनहरी गांउपालिकामा कार्यरत सवै तहका कर्मचारीहरुको आ.ब.०७८/०७९ को तलबी प्रतिबेदन स्वीकृत गर्ने ।

घ) समपुरक कोष व्यवस्थापन मिलाई समपुरक योजना कार्यक्रम वा विषेश योजना बनाई संघीय वा प्रदेश सरकार संग योजना कार्यक्रमकालागी अनुदान सहयोग माग गर्ने ।

ङ) आ.ब.२०७७/०७८ का लागी बिनियोजित कुनै योजना/कार्यक्रम सम्झौता वा प्रकृया अगाडी बढेका तर कार्यसम्पन्न भई नसकेको लगायत कारणबाट भुक्तानी हुन नसकेका योजना/ कार्यक्रमलाई नियमानुसार काम सम्पन्न पश्चात संचित कोषमा रहेको आन्तरीक मौज्दात रकमबाट भुक्तानी लेख्ने ।

निर्णय नं ७

प्रस्ताव नं ७ माथि छलफल गर्दा यस गांउपालिककाले वडा नं ४, ५, ६, ९ र केन्द्र भवनको कार्यालय/वडा कार्यालय, प्रमूख प्रशासकीय आवास, आधारभूत स्वास्थ्य केन्द्र प्रयोजनमा भाडामा लिई रहेको घर भाडा सम्झौतामा लेखिएको अवधि पुरा भई भाडा बढाउन पर्नेगरि घरधनीबाट माग भएमा यस अघिको सम्झौतामा उल्लेखित दर बमोजीम बढाई अन्यथा साविक बमोजीमकै सम्झौतामा उल्लेखित शर्त रहने गरि २०७९ असाढ मशान्त सम्मको लागी घर भाडामा लिने कार्यलाई निरन्तरता दिने निर्णय गरियो । साथै सो कार्यको लागी घर भाडा सम्झौता लगायत कामको लागी प्रमुख प्रशासकीय अधिकृत लाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं ८**

प्रस्ताव नं ८ उपर छलफल गर्दा मनहरी गांउपालिका अन्तर्गत आवस्यक बिभिन्न प्राबिधक पदमा करारमा कर्मचारी भर्ना गर्ने सम्बन्धि कार्यविधि कार्यान्वयनमा रहेकोमा त्यस्तो प्राबिधिक कर्मचारी भर्ना सम्बन्धि मात्र कार्यविधिबाट नगर प्रहरी,राजस्व संकलन सहयोगी,तहबिहिन कार्यालय सहयोगी,सेफ हाउस व्यवस्थापन सहायक/सहयोगी,सामाजिक परिचालक लगायत अन्य प्रकारका अत्याबस्यक सेवाका कर्मचारी करारमा भर्ना र परिचालन गर्न नसकिने देखिएकोले सो सम्वन्धमा छुट्टै कार्यविधि बनाई लागु गर्न कार्यपालिकालाई शैद्धान्तिक सहमती प्रदान गर्ने निर्णय गरियो । साथै गाउपालिकाका लागी चाहिने विभिन्न , नियमावलीहरु , कार्यविधि , निर्देशिका , मापदण्डहरु तयार गर्ने संभव भए गाउपालिका आफै नभए परामर्श सेवा खरिद गरि मस्यौदा तयारी गर्ने सैद्धान्तिक सहमती दिने निर्णय गरियो ।



एकराज उप्रेती
अध्यक्ष

## निर्णय नं ९

प्रस्ताव नं ९ माथि छलफल गर्दा कार्यालयको आ.ब.०७६/०७७ को अन्तिम लेखापरीक्षण प्रतिवेदन महालेखा परीक्षकको बिभागबाट परीक्षण भई प्राप्त अन्तिम लेखा परीक्षण प्रतिवेदन उपर छलफल गरियो । सो प्रतिवेदनमा उल्लेखित बेरुजु उपर आबस्यक कारबाही वा फछ्र्छौट गर्न गांउकार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो । साथै उक्त प्रतिवेदन गांउसभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

## निर्णय नं १०

प्रस्ताव नं १० उपर छलफल गर्दा मनहरी गांउपालिकाका कर्मचारीहरुलाई भुक्तानी गरिने तलब भत्ता ग्रेड लगायत बिवरण समेटी आर्थिक प्रशासन शाखाबाट तयार गरिएको तलबी प्रतिबेदन २०७८ लाई स्वीकृत गर्ने निर्णय गरियो ।

## निर्णय नं ११

प्रस्ताव नं ११ उपर छलफल गर्दा यस गांउपालिकाको आ.ब.०७७/०७८ मा बिनियोजन भई बिभिन्न मितिमा परामर्श सेवा खरीद सम्झौता, सार्वजनिक निर्माणको ठेक्का सम्झौता तथा उपभोक्ता संग सम्झौता भई कार्य सम्पन्न भई वा नभई बिबिध कारणले भुक्तानी बांकी रहेका एवम् क्रमागत रुपमा कार्यान्वयनकै चरणमा रहेका तपशीलका योजनाहरुको नियमानुसार आ.ब.०७७/०७८ को बैंक बाकी रकमबाट भुक्तानी गर्ने प्रयोजनको लागी दायित्व सारेर राख्ने निर्णय गरियो ।

तपशील:

| क्र सं | योजनाको नमा | वडा नं | कैफियत |
|---|---|---|---|
| १ | गोगनपानी भ्यू टावर | १ | |
| २ | चकरी खानेपानी | १ | |
| ३ | ज्यामिरे खोला कज्वे ढलान | १ | |
| ४ | मकरी खानेपानी | १ | |
| ५ | नेपाल मानव धर्म समिति | १ | |
| ६ | चुरे संरक्षण तथा कृषि पर्यटन आधुनिकिकरण युवा स्वरोजगार परियोजना | १ | |
| | | | |
| १ | झुल्यान दोङ उकालो | २ | |

राम प्रसाद ...
प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष

| | | | |
|---|---|---|---|
| २ | तिनतले उकोलो सडक | २ | |
| ३ | दोभान कल्भर्ट | २ | |
| ४ | झुल्यान वस्ति बचाउ | २ | |
| | | | |
| १ | भुन्द्रङ खानेपानी | ३ | २५ लाख |
| २ | चुरियामाई मन्दिर | ३ | |
| ३ | हाँडीखोला स्वास्थ्य चौकी | ३ | |
| ४ | समावेशी भवन निर्माण योजना | ३ | |
| ५ | सेफ हाउस भवन निर्माण योजना | ३ | |
| | | | |
| १ | बाढीपिडित बस्ति संरक्षण तटवन्धन योजना | ४ | |
| २ | लाम्पाखा हुदै नौखले टोल बाटो स्तरिकरण | ४ | |
| ३ | च्वारपाखा चकरीताल अर्थिङ निर्माण | ४ | |
| ४ | ज्यामिरे शिर बाटो निर्माण | ४ | |
| ५ | डिमडुडे बाटो निर्माण | ४ | |
| ६ | माथिल्लो मसिने मूल खोला ज्यामिरे दोभान डिप बोरिङ योजना | ४ | ठेक्का |
| ७ | तल्लो मसिने गोलबारी डिप बोरिङ योजना | ४ | ठेक्का |
| ८ | वावुलाल थिङको घर डाँडा देखी चलन सिं सम्मको घरबाटो | ४ | |
| | | | |
| १ | जोकरटोल डन्डिबारी तटवन्धन | ५ | |
| २ | दमार तटवन्धन | ५ | |
| ३ | कुनाटोल तटवन्धन | ५ | |
| ४ | वसन्तपुर माथिल्लो टोल फारलाईन बाटो स्तरिकरण | ५ | |
| | | | |
| १ | पुरानो रुपाचुरी फट सिंचाई संचालन योजना | ६ | २५लाख |
| २ | जोगिताल सुनाचुरी सडक पक्की पुल निर्माण योजना | ६ | २०लाख |
| ३ | मनहरी रुपाचरी लिफ्ट सिंचाई | ६ | २० लाख |
| ४ | लोथर फरिवाङ सडक स्तरिकरण | ६ | २०लाख |
| ५ | श्री जनमुखी सामुदायिक स्वास्थ्य ईकाइ भवन निर्माण | ६ | १०लाख |

राम प्रसाद ...
प्रमुख प्रशासकीय अधिकृत



एकराज उप्रेती
अध्यक्ष

| | | | |
|---|---|---|---|
| ~~६~~ | ~~जनमुखी सामुदायिक स्वास्थ्य इकाइ भवन~~ | ~~६~~ | १० लाख |
| ७ | दूग्धेश्रर महादेव मन्दीर सत्तल निर्माण लागत सहभागिता योजना | | |
| | | | |
| १ | रमौली २ नं सडक | ७ | |
| २ | मानेडाँडा सडक | ७ | |
| ३ | मदन भण्डारी रंगाशाला कम्पाउन्ड | ७ | |
| ४ | लामा वस्ती झोरा नियन्त्रण | ७ | १ लाख |
| | | | |
| १ | वृहत खानेपानी | ८ | |
| २ | देवीकोट लिफ्ट सिंचाई | ८ | |
| ३ | साना किसान सहकारी | ८ | |
| ४ | दिव्यज्योती सहकारी | ८ | |
| ५ | महेन्द्र किरण मा वि | ८ | |
| ६ | मनहरी बहुमुखी क्याम्पस | ८ | |
| ७ | देवकोट भ्यु टावर | ८ | |
| | | | |
| १ | वडा कार्यालय जाने बाटो | ९ | |
| २ | वृहत खानेपानी | ९ | |
| ३ | ज्यामिरे सिरान संयुक्त तटवन्धन | ९ | |
| ४ | ओईलेनी कुलो | ९ | |
| ५ | केराबारी बाटो (ज्यामिरे केराबारी सरिखेत) | ९ | |
| ६ | औद्योगिकग्राम जाने बाटो | ९ | |
| ७ | ज्यामिरे सिम्पानी संयुक्त सिंचाई आयोजना | ९ | |
| ८ | ढकाल खोल्चा नियन्त्रण | ९ | |
| ९ | सुकौरा खोल्चा नियन्त्रण | ९ | |

राम प्रसा...
प्रमुख प्रशासकीय अधिकृत

...कराज उप्रेती
अध्यक्ष

## निर्णय नं १२

प्रस्ताव नं १२ माथि छलफल गर्दा यस गाउपालिका गाउ कार्यपालिकाको मिति २०७८ साल जेष्ठ २८ गते वसेको कार्यपालिकाद्धारा गठन भएको देवकोट खानेपानी उपभोक्ता समितिको भुक्तानी दिनू पर्ने वाकी रकमका सम्वन्धमा जाचवूझ तथा अध्ययन समितिले दिएको प्रतिवेदनलाई स्वीकार गरि प्रतिवेदन अनूसारको रकम सम्वन्धित उपभोक्ता समितिलाई भूक्तानी दिन सैदान्तिक सहमती दिने निर्णय गरियो ।

## निर्णय नं १३

प्रस्ताव नं १३ माथि छलफल गर्दा यस गाउपालिकामा आ.व २०७७२०७८ सालमा संचालन भएका योजनाका सम्वन्धमा यस गाउपालिकाको फरफारक समितिले फरफारक गरेका योजनाहरुलाई र गाउपालिका वाट भएका सम्पूर्ण खर्च रकम अनूमोदन गर्ने निर्णय गरियो ।

## निर्णय न १४

प्रस्ताव नं १४ माथि छलफल गर्दा यस गाउँपालिकाले तयार गरेको शिक्षा नीति २०७८ अनुमोदन गर्ने र पिसिएफका आधारमा अध्यापन कार्यमा सहयोग अनुदान कार्यान्वयन निर्देशिका २०७६ मा समाविष्ट निम्न अनुसारका नियम तथा उप नियमहरुमा संसोधन गर्ने निर्णय गरियो ।

नियम न ९ प्रति विद्यार्थी एकाइ लागत अनुदान गणना गर्ने आधार : गाउँ सभाले यस वर्षको लागि राजश्व वाँडफाँड शीर्षकमा शिक्षक व्यवस्थापनको लागि विनियोजन गरेको रकम रु ४०००००० र शैक्षिक सत्र २०७७ मा विद्यालयमा भर्ना भई अध्ययनरत विद्यार्थी संख्यालाई लिइने छ ।

नियम ९.१ (क) यस तहमा प्रति विद्यार्थी एकाइ लागत गणना गर्दा विद्यार्थी शिक्षक अनुपात ४२:१ मानिने छ र रु १५००० लाई न्यूनतम् तलव स्केलको आधारमा हिसाव गणना गरिने छ ।

नियम ९.१ (ख) तोकिएको न्यूनतम् तलव रु १५००० लाई १२ महिनाले गुणन गर्दा आउने रकमलाई प्रति कक्षा विद्यार्थी संख्या ५० ले भाग गरि प्रति विद्यार्थी एकाइ लागत हिसाव गणना गरिने छ ।

नियम ९.२ (ख) तोकिएको न्यूनतम् तलव स्केलको आधारमा हिसाव गणना गरिनेछ

नियम ९.२ (ख) तोकिएको न्यूनतम् तलव रु १६००० लाई १२ महिनाले गुणन गर्दा आउने रकमलाई प्रति कक्षा विद्यार्थि संख्या ५० ले भाग गरि प्रति विद्यार्थी एकाइ लागत हिसाव गणना गरिनेछ ।

नियम ९.१ (घ) मा कुनै विद्यालयमा निजी स्रोतमा शिक्षक व्यवस्थापन गरि वाल विकास कक्षा संचालन गरिएको र १० जना भन्दा धेरै वालवालिका वालविकास कक्षामा भएको भए त्यस्ता विद्यालयलाई समेत एकमुष्ट अनुदान रकम प्रदान गर्न सकिने छ भन्ने खण्ड थप गर्ने उक्त सवै रकम गाउँपालिकाको आन्तरिक राजश्व ( कर ,दस्तुर , शुल्क , रोयल्टी र जरिवानावाट उठेको रकमवाट व्यहोरीने छ ।

प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष

**निर्णय नं १५**

प्रस्ताव नं १५ माथि छलफल गर्दा यस गाउँपालिकाको लागि लैगिक समानता समावेशी नीति २०७८ पारित गर्ने र यस गाउँपालिको मिति २०७५।२।६ को गाउँ सभावाट प्रमाणिकरण गरिएको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धि कार्यविधि २०७५ को दफा ३ को कार्यविधि लागु हुने क्षेत्र र सेवा तपशिल अनुसार थप गर्ने निर्णय गरियो ।

(क) अन्य कुनै प्राविधिक सेवासँग सम्वन्धि

(ख) सामाजिक परिचालक र कार्यालय सहयोगीको पदसँग सम्वन्धित

(ग) शिक्षक सेवासँग सम्वन्धित

अन्य दफा ६ अनुसार (क) विषय विज्ञको पारिश्रमिक तथा बैठक भत्ता अधिकृतस्तरको कर्मचारी सरह र खाना खाजा यातातात तोकीए वमोजिम हुनेछ ।

(ख)अन्तवार्ता समितिका पदाधिकारीहरुको पटके बैठक भत्ता बसभाडा भत्ता खाना, खाजा, यातायात नियमानुसार तोकिए वमोजिम हुनेछ ।

**निर्णय नं १६**

प्रस्ताव नं १६ माथि छलफल गर्दा यस गाउँपालिकामा फलफुल तथा तरकारी शृखला विकास आयोजना कार्यालय हरिहर भवन काठमाण्डौवाट यस आ.व मा कृर्षि संग सम्वन्धित विभिन्न कार्यक्रम संचालन गर्नको लागि अनुदान रकम उपलब्ध गराएकोमा कोभिडका कारण उक्त कार्यक्रम संचालन गर्न नसकिएकोले उक्त कार्यक्रमलाई आगामी आ.वमा संचालन गरि दिनु हुन अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय न १७**

प्रस्ताव नं १७ माथि छलफल गर्दा यस गाउँपालिकावाट यस गाउँपालिकाको व्यवस्थापन तथा सर्भेक्षण गर्ने प्रयोजनको लागि समिका रिसर्च एण्ड टेनिङ्ग सेन्टर प्रा.लि ललितपुर सग सम्झौता भई सम्झौताको अवधि भित्र कार्यपालिका , गाउपालिका कार्यालयका विषयगत शाखाका कर्मचारीहरु तथा सरोकारवालाहरु सँग अन्तरक्रिया गरि तयार भएको व्यवस्थापन तथा सर्भेक्षणलाई स्वीकृत गर्ने , स्वीकृत व्यवस्थापन तथा सर्भेक्षणका आधारमा आवश्यक कर्मचारी नियमानुसार नयाँ भर्ना, सरुवा, वढुवा गरी पदपूर्ति गर्ने कार्यको थालनी गर्न गाउँकार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं १८**

प्रस्ताव नं १८ उपर छलफल गर्दा बिश्वव्यापी रुपमा फैलिएको कोरोना भाईरस महामारी रोगको रोकथाम,नियन्त्रण तथा व्यवस्थापन कार्यमा यस गांउपालिकाले गरेका प्रयासहरुलाई आर्थिक भौतिक तथा मानविय रुपमा सर सहयोग गरि यस बिरुद्ध लड्न गांउपालिकालाई सहयोग पुर्‍याउनु हुने सरकारी तथा गैरसरकारी संघ संस्था



प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष

सहकारी संस्थाहरु तथा सम्पूर्ण महानुभावहरुलाई धन्यबाद ज्ञापन गर्ने निर्णय गरियो । साथै कोभिड १९ कारण मृत्यू भएका मृतकहरु प्रति हार्दिक श्राद्धान्जली व्यक्त गर्ने , सोक शन्तव्द परिवार प्रति हार्दिक समवेदना प्रकट गर्ने र कोभिडका कारण उपचारत संक्रमितहरु प्रति सिघ्र स्वास्थ्य लाभको कामना गर्ने निर्णय गरियो ।

**निर्णय नं १९**

प्रस्ताव नं १९ उपर छलफल गदा यस गाउँपालिका क्षेत्रभित्र रहेका नदि तथा खोला हरुवाट उत्सर्जन हुने ढुङ्गा गिट्टी र बलुवाको विकी वितरण र व्यवस्थापनका लागी आ ब २०७८।७९ सालमा पर्सा र चितवन राष्टिय निकुन्ज संग सहमति गरी बोलपत्र आह्वानको माध्यामबाट ठेक्कामा लगाउने निर्णय गरियो ।

**निर्णय नं २०**

प्रस्ताव नं २० उपर छलफल गदा परामर्श सम्बन्धी बिनियोजित वजेटवाट तपशिल बमोजिमका परामर्शदाता सम्वन्धी कार्य गर्ने निर्णय गररियो ।

**तपशिल**

| | |
|---|---|
| विभिन्न ऐनहरुको मस्यौदा तयारी र प्रकाशन | ५०० |
| विभिन्न कार्यविधिहरुको मुस्यौदा तयारी प्रकाशन | ५०० |
| रजैया डील्लीपूर मोटरेवल पूल, मनहरी ९ र ५, मकवानपूर | १००० |
| चकरी मकरी मोटरेवल पूल, मनहरी १, मकवानपूर | ११०० |
| मदन भण्डारी रंगाशाला विस्तृत योजना, मनहरी ७, मकवानपूर | १००० |
| मनहरी बगर सिंचाई योजना, मनहरी ७, मकवानपूर | ५०० |
| मनहरी रुपाचूरी सडक योजना, मनहरी ७ र ६, मकवानपूर | ९०० |
| वेलुवा सिमपानी विस्तृत मस्टार प्लान योजना, मनहरी ८, मकवानपूर | १५०० |
| विभिन्न खोलाहरुको प्रारम्भिक वातावरणीय परिक्षण | १००० |
| जम्मा | ८००० |
| मनहरी ८ पूल देखि मनहरी ९ शिवहरी डाडा डिपिआर | |

**निर्णय नं २१** **प्रस्ताव नं २१ माथी छलफल गर्दा आ ब २०७८।७९ सालमा संचालन हुने प्रधानमन्त्री रोजगार कार्यकमका देहायका योजनाहरु सचालन गर्ने निर्णय गरियो ।**

**तपशिल**

| क्र.स./ वडा नं. | योजना | बजेट |
|---|---|---|
| १ | चकरी गोगनपानी बाटो नाला सरसफाई | |
| २ | गोगनघारी सडक स्तरीकरण | |

| | | |
|---|---|---|
| | तिनतले ट्याङ्कीदमार सडक स्तरिकरण | |
| ३ | आवश्यक ठाँउहेरी मुल बाटोमा सरसफाई तथा नाला निर्माण | |
| ४ | ट्वाङ्ग्रा र मसिने खोलाको तटवन्धन सहितको बाटो मा दायाँ बायाँ वृक्षारोपण | |
| | वडा नं. ४ खुर्सानीवारी देखि वडा नं. २ जाने बाटो पुरा गर्ने र स्तरिकरण | |
| | मोरङ्गे धाप पिकनिक स्पोर्ट स्तरिकरण | |
| ५ | पाईप लाईन खन्ने पुर्ने | |
| | बाटो सरसफाई | |
| ६ | वडा नं. ६ भित्रको नाला कुलो बाटो मर्मत सरसफाई | |
| ७ | वडा नं. ७ भित्रको सामुदायीक वन क्षेत्र र अन्य सार्वजनिक जग्गामा घेरा बेरा गरी वृक्षारोपण गर्ने | |
| ८ | पुल चोक, दारीबास बाटो निर्माण | |
| | मुसले,देउकोट बाटो निर्माण | |
| | पिचपर्क बाट रेगिस्वर बाटो निर्माण | |
| | गुरुङ डाँडा बाटो निर्माण | |
| ९ | सिमाना बाटो नाला सुधार कार्यक्रम | |
| | रजैया टोलको नाला सुधार कार्यक्रम | |

**निर्णय नं २२**

प्रस्ताव नं १९ उपर छलफल गर्दा यस नवव गाउ सभालाई सभ्य र भव्य रुपमा सम्पन्न गर्न सहयोग गर्ने सम्पूर्ण सभाका सदस्य,कर्मचारीहरु,पत्रकार लगायतलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गर्दै मिति २०७८/०३/१० गते बाट सुरु भएको यस सभालाई आज मिति २०७८/०३/२२ गते दिउंसो ४.०० बजे सम्पन्न भयो ।

प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष